STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख २० गते मंगलबार ❑ 3 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## ३५३ निर्विरोध, ६४ जिल्लामा मतपत्र पुग्यो

**रासस**
**काठमाडौं, १९ वैशाख**

स्थानीय तह निर्वाचनमा मनोनयनपत्र दर्ता गराएकामध्ये विभिन्न पदमा ३५३ निर्विरोध निर्वाचित भएका छन् । यही वैशाख ३० गते हुने निर्वाचनका लागि आयोगको कार्यतालिकाअनुसार यही वैशाख ११ र १२ गते मनोनयनपत्र दर्ताको समय दिइएकामा जाँचबुझ र फिर्ता लिने समय सकिएपछि यही १७ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिएको थियो ।

आयोगको प्रणालीमा प्रविष्ट भएअनुसार विभिन्न पदमा ३५३ निर्विरोध निर्वाचित भएको आयोगका सहायक प्रवक्ता एवं उपसचिव सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो । निर्विरोध भएकालाई मतगणना सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयले प्रमाणपत्र दिनेछ । निर्वाचनमा ७५३ पालिकामा गरी कूल ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ ।

निर्वाचनको मिति नजिकिएका समयमा इन्टरनेट सेवा प्रदायक सङ्घ, नेपालले आगामी सातादेखि इन्टरनेट सेवा बन्द हुन सक्ने भनी दिएको चेतावनीप्रति आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । "विद्यमान सूचना र प्रविधिको युगमा इन्टरनेटको सहज र निरन्तर पहुँच प्राप्त गर्नु नागरिकको आधार भूत आवश्यकतासमेत भइसकेको विदितै छ । इन्टरनेट सेवा अवरोध भएमा संविधानले प्रत्याभूत गरेको नागरिककोसूचनाकोहकरअभिव्यक्ति स्वतन्त्रताप्रति बाधा पुग्नेतर्फ सम्बद्ध पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छ", आयोगको विज्ञप्तिमा भनिएको छ, "मुलुकभर सबै स्थानीय तहमा एकै पटक निर्वाचन सम्पन्न गर्ने तयारी भएको अवस्थामा इन्टरनेट सेवा बन्द हुने अवस्था आएमा निर्वाचनको व्यवस्थापनमा गम्भीर असर पर्ने भएकाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्बद्ध पक्षलाई यो अवस्था नआउने परिस्थिति बनाउन आयोग निर्देशन दिन्छ ।"

आयोगले निर्वाचन आचारसंहिता, २०७८ को उल्लङ्घन हुने गरी कतिपय सञ्चारमाध्यमले विभिन्न दल र उम्मेदवारका पक्ष र विपक्षमा तथा फलानो पक्षले जित्ने वा फलानो पक्षले हार्ने भन्ने जस्ता पूर्वानुमान गर्ने प्रकारका सामग्रीसमेत प्रकाशन र प्रसारण गरिरहेको जनाएको छ । आयोगले प्रेस काउन्सिल नेपालको सहयोगमा सञ्चारमाध्यमहरूका निर्वाचनसँग सम्बन्धित सबै सामग्रीको नियमित अनुगमन गरिरहेको र निर्वाचन आचारसंहिता तथा पत्रकार आचारसंहिताविपरीतका कुनै पनि साम्रग्री प्रकाशन तथा प्रसारण नगर्न, नगराउन सबै सञ्चारमाध्यमलाई पुनःआग्रह गरेको छ ।

आचारसंहिताविपरीत सामग्री दिने कुनै पनि सञ्चारमाध्यमबारे जुनसुकै माध्यमबाट आयोगमा उजुरी दिन सम्बन्धित सबै पक्षमा आयोगले आग्रह गरेको छ ।

निर्वाचनका लागि हालसम्म ६४ जिल्लाका लागि एक करोड ३२ लाख २१ हजार मतपत्र ढुवानी गरिएको छ । काठमाडौंबाट एकै दिनमा ढुवानी गर्न सकिने मधेस प्रदेश र बागमती प्रदेशका केही जिल्लाहरूमा ढुवानी गर्न बाँकी रहेको छ । मतपत्र ढुवानी भइसकेका जिल्लामध्ये मनोनयनपत्र दर्ता भएका उम्मेदवारको अन्तिम नामावलीसँग रुजु गर्दा निर्वाचन चिह्न थप हुन गई विभिन्न ३२ पालिकामध्ये १६ स्थानीय तहका लागि १० लाख ८० हजार मतपत्र छपाइ गर्नुपर्ने भएकामा हालसम्म नौ वटा पालिकाका लागिसात लाख ११ हजार मतपत्र छपाइ सम्पन्न भएको छ । बाँकीमध्ये भक्तपुर जिल्लाको मतपत्र छपाइ पनि सम्पन्न भएको छ भने महानगरपालिकाका लागि मतपत्र छपाइ भई सबै मतपत्र वैशाख २३ गतेभित्र ढुवानी गरिसक्ने तयारी रहेको छ ।

आयोगले काठमाडौं महानगरपालिकामा प्रमुख पदका नेकपा (एमाले) का उम्मेदवार केशव स्थापितले यही वैशाख १५ गते धुम्रबाराहीस्थित नेशनल कलेजमा काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिकाका विभिन्न दल र स्वतन्त्रतर्फसमेतका प्रमुख पदका उम्मेदवारहरूसँगको कार्यक्रममा दिएको अभिव्यक्ति निर्वाचन आचारसंहिता विपरीत भएको पाइएकाले सोबारे २४ घण्टाभित्र स्पष्टीकरण दिन पत्र पठाएको छ । यसैगरी स्थापितबारे जारी भएको प्रेस विज्ञप्ति निर्वाचन आचारसंहिता प्रतिकूल रहेकाले सो सम्बन्धमा स्पष्ट पार्न महिला पुनःस्थापना केन्द्र (ओरेक) लाई आयोगले स्पष्टीकरण सोधेको छ । आयोगले उक्त संस्थाको प्रेस विज्ञप्तिलाई सार्वजनिक माध्यमबाट यथाशिघ्र हटाई प्रमाणसहित २४ घण्टाभित्र स्पष्टीकरण सोध्न वैशाख १८ गते ओरेकलाई निर्देशन दिएको हो । आयोगले ओरेकका कार्यकारी निर्देशकलुभराजन्यौपानेलाईस्पष्टीकरण सोध्दै निर्वाचन आचारसंहिताको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## जनप्रतिनिधि र कर्मचारीलाई फुल ड्युटी गर्नेमात्र होइन, ड्युटीफुल बनाउँछौं : आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ वैशाख**

पोखरामहानगरकापालिकाका मेयर पदका उम्मेद्वार धनराज आचार्यले आफूहरु निर्वाचित भएमा आफूहरुसहित महानगरका कर्मचारीलाई फुल ड्युटी मात्र गर्ने नभई ड्युटीफुल महानगर बनाउने बताएका छन् ।



पोखरामा सोमबार प्राइम टेलिभिजनले आयोजना गरेको स्थानीय तह निर्वाचन २०७९ विषेश कार्यक्रममा आचार्यले निर्वाचित जनप्रतिनिधिदेखि महानगरको कर्मचारी सम्मलाई जिम्मेवार र ड्यूटीफुल बनाउने बताएका हुन् ।

गठबन्धनका तर्फबाट साझा उम्मेदवारका रुपमा प्रस्तुत आचार्यले २०७४ सालमा निर्वाचित एमाले नेतृत्वले जनप्रतिनिधि र महानगरका कर्मचारीलाई ड्यूटीफुल बनाउन नसकेको आरोप लगाए । उनले भने,'महानगरले अहिले १० देखि ५ सम्मको कार्यालय समय तोकेको छ । महानगरले तोकेको समयमा जनप्रतिनिधि र कर्मचारी त आउँछन् तर उनीहरु काम नगरी बिताउँछन् अर्थात ड्यूटीफुल भएनन् ।' कर्मचारीलाई ड्यूटीफुल बनाउन महानगरको नेतृत्व चुकेको उनको आरोप छ । 'सुन्दर पोखरालाई साँच्चिकै सुन्दर पोखरा बनाउनका लागि उहाँहरुको इच्छाशक्ति भएन, साधनस्रोतको व्यवस्थापन गर्न सक्नु भएन वर्तमान महानगर नेतृत्वले, संघ र प्रदेश सरकारसँगसमेत महानगर नेतृत्वले समन्वय गर्न नसक्नु उसको कमजोरी हो'-उनले भने । आफूले काम गर्न नसकेपछि वर्तमान महानगर नेतृत्वले कर्मचारीले काम गरेन भनेर बहानाबाजी गरिरहेको उनको आरोप छ । उनले भने 'अहिलेसम्म महानगरका कर्मचारीले फुल ड्युटी गऱ्यो, अहिलेको महानगरको वर्तमान निर्वाचित नेतृत्वलेपनि फुल ड्युटी गर्नुभयो तर उहाँहरु ड्युटी फुल बन्न सक्नुभएन् ।'

मेयरका उम्मेदवार आचार्यले आफू मेयरमा निर्वाचित भए हालको बेथिति उल्टाएर सबैलाई ड्यूटीफुल बनाउने उनले प्रतिबद्धता जनाए ।

## गोरखामा जन्ती बोकेको जिप दुर्घटनामा परी तीनको मृत्यु

**रासस**
**गोरखा, १९ वैशाख**

गोरखामा जन्ती बोकेको स्कार्पियो जिप दुर्घटनामा परी सोमबार साँझ तीनजनाको मृत्यु भएको छ ।

चितवनबाट जन्ती लिएर आएको जिप फर्कने क्रममा सिरानचोक गाउँपालिका-५, आरुबोटेमा दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी उपरीक्षक (एसपी) केदार खनालले जानकारी दिनुभयो । बा१४च ७८१ नंको स्कार्पियो जिप आरुबोटेको फिरफिरे भिरबाट झन्डै २०० मिटर तल खसेको उहाँको भनाइ छ । दुर्घटनामा परी मृत्यु भएकाहरूको पहिचान हुन नसकेको एसपी खनालले जानकारी दिनुभयो । जिल्ला प्रहरी कार्यालय गोरखाबाट डिएसपी लीलाराज लामिछाने नेतृत्व प्रहरीको प्रहरी टोली घटनास्थल पुगिसकेको उहाँले बताउनुभयो ।

## विद्रोहीको कारबाही पुनः विचार गरिने : कांग्रेस

**रासस**
**काठमाडौं, १९ वैशाख**

नेपाली कांग्रेसले पार्टीका आधिकारिक उम्मेदवार र पार्टीले समर्थन गरेका उम्मेदवारलाई विजयी बनाउन सहयोग गर्ने प्रतिबद्धतासहित सक्रिय रहने विद्रोही उम्मेदवारउपरपार्टीविधानबमोजिम हुने कारबाहीमा पुनः विचार गर्न सकिने जनाएको छ । कांग्रेसले सोमबार एक विज्ञप्तिमार्फत यही वैशाख २१ गतेभित्र आफ्नो उम्मेदवारी निष्क्रिय गरी पार्टीका आधिकारिक उम्मेदवारलाई विजयी बनाउन सहयोग गर्ने विद्रोही उम्मेदवार र त्यस्ता उम्मेदवारका प्रस्तावक र समर्थकको कारबाहीमा पुनः विचार गर्न सक्ने जनाएको हो ।

पार्टीका आधिकारिक उम्मेदवार तथा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध विद्रोही उम्मेदवारी दर्ता गराएका र त्यस्ता उम्मेदवारका प्रस्तावक र समर्थक बनेका पार्टी सदस्यले आफ्नो उम्मेदवारीप्रति पुनः विचार गरेर सार्वजनिक रूपमा वक्तव्य प्रकाशित गरी उम्मेदवारी निष्क्रिय गराउन कांग्रेसले आग्रह गरेको छ । कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा आधिकारिक उम्मेदवारका पक्षमा सक्रियतापूर्वक प्रचार अभियानमा संलग्न हुन निर्देशानुसार अनुरोध गरिएको छ । उम्मेदवारी फिर्ताका लागि निर्वाचन आयोगले वैशाख १६ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म समय निर्धारण गरेको थियो ।

उक्त समयमा कतिपय स्थानीय तहका उम्मेदवार स्वयंले आफ्नो उम्मेदवारी फिर्ता लिएका र कतिपय उम्मेदवारको उम्मेदवारी प्राविधिक कारणवश फिर्ता लिएका/गरिएका उम्मेदवारको नाम पनि उम्मेदवारको सूचीमा कायमै रहेको देखिएको कांग्रेसको भनाइ छ ।

विद्रोही उम्मेदवारी दर्ता गराएका र फिर्ता लिनुपर्ने समयावधिसमेत गुज्रिसकेको परिस्थितिमा त्यस्ता सदस्यको पार्टी सदस्यता स्वतः समाप्त भई पार्टीबाट निष्कासित हुने वैधानिक व्यवस्था रहेको सन्दर्भमा कांग्रेसले यो आग्रह गरेको हो ।

## विदेशी पर्यटक बढे

**रासस**
**काठमाडौं १९ वैशाख**

कोभिड-१९ महामारीले शिथिल बनेको मुलुकको पर्यटन क्षेत्र तङ्ग्रिँदै गएको छ । पछिल्ला दिनमा पर्यटन क्षेत्र चालयमान बनेको छ भने पर्यटकीय गतिविधि पनि बढिरहेका छन् ।

यसलाई पुष्टि गर्ने दरिलो आधार भनेकै पर्यटक आगमनको आँकडा हो । सन् २०२२ को सुरुआती चरणदेखि विदेशी पर्यटक आगमनदर निरन्तर उकालो लागिरहेको छ । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अप्रिल महिनामा मात्रै ५८ हजार ३४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा १६० प्रतिशतले वृद्धि हो । अप्रिल महिनामा ५२ हजार ६६३ बाहिरिएका छन् । सन् २०२१ को अप्रिल महिनामा २२ हजार ४५० पर्यटकले नेपाल भ्रमण गरेका थिए । सन् २०१९ को तुलनामा पर्यटक आगमनदर आधाभन्दा बढीको अवस्थामा आइपुगेको बोर्डको विश्लेषण छ । गत वर्षकोभन्दा पर्यटक वृद्धिदर यो वर्ष १६० प्रतिशतले वृद्धि भएको बोर्डका निर्देशक मणि लामिछानेले बताउनुभयो । उक्त वर्षको अप्रिल महिनामा एक लाख ९ हजार २ ९९ पर्यटक आएका थिए । "यो वर्ष पर्यटक आगमनदर निरन्तर बढिरहेको छ । पर्यटक वृद्धिदर हेर्नेहो भने अप्रिल महिनासम्म ५३ प्रतिशतमा आइसकियो । अघिल्लो महिना ४५ प्रतिशत वृद्धिदर थियो ", लामिछानेले भन्नुभयो । अघिल्लो मार्च महिनामा कूल ४२ हजार ६ जना पर्यटक नेपाल भित्रिएका थिए । जनवरीमा १६ हजार ९७५ र फेब्रुअरीमा १९ हजार ७६६ विदेशी पर्यटक नेपाल भित्रिएका हुन् ।

## दोषीलाई कारबाहीको प्रतिबद्धतापछि पोखरा-बाग्लुङ राजमार्ग खुल्यो


**पोखरापत्र संवाददाता**
**पोखरा, १९ वैशाख**

सवारी दुर्घटनामा एकाघरका दुई जनाको मृत्यु भएपछि आक्रोशित पीडितका परिवारले आज बन्द गराएको पोखरा-बाग्लुङ राजमार्ग सञ्चालनमा आएको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-१ लेवाडेमा आइतबार बिहान कारको ठक्करबाट मोटरसाइकल चालक कुश्मा नगरपालिका-४ का ४५ वर्षीय जितबहादुर पुनको आज उपचारका क्रममा पोखरास्थित मेट्रोसिटी अस्पतालमा र उहाँका छोरी १८ वर्षीया सविनाको अस्पताल ल्याउँदै गर्दा हिजो मृत्यु भएपछि मृतकका आफन्तले दोषीलाई कारवाही हुनुपर्ने मागसहित राजमार्ग बन्द गराएका थिए ।

पीडितले राजमार्गको याम्दीपुलमा सडकमा बसेर सवारी आवागमन अवरुद्ध गरेर बाटो बन्द गरेकामा अहिले सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रहरीले घटनामा सङ्लग्नलाई पक्राउ गरी कानूनी कारबाहीको दायरामा ल्याउने र घटनाको अनुसन्धानको प्रतिबद्धतापछि राजमार्गको अवरोध हटाउन पीडित पक्ष सहमत बनेका हुन् । मृतकका परिवार तथा आफन्तहरूले दुर्घटनामा सङ्लग्न कार चालकलाई अविलम्ब पक्राउ गरी कारबाही गर्नुपर्ने र उचित क्षतिपूर्ति पाउनुपर्ने माग राखेका छन् । दुर्घटना गराउने कारका चालक हालसम्म फरार रहेको बताइन्छ । यसअघि पीडित परिवारले जिल्ला प्रहरी कार्यालय कास्कीअगाडि पनि विरोध प्रदर्शन गरेका थिए । पोखराबाट पर्वततिर जाँदै गरेको ग ३ च ३५२५ नम्बरको कारले पोखरातर्फ आउँदै गरेको ग १८ प ८१९१ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो ।

वि.सं. २०३९ देखि शिक्षा क्षेत्रमा उत्कृष्ट नतिजा
सहित आफ्नो छुट्टै पहिचान बनाउन सफल



लिटिल स्टेप माध्यमिक विद्यालय
सिमलचौर, पोखरा-८ । फोन नं. ०६१-५२५०१३, ५३११६५, ५५०७९६
नर्सरीदेखि कक्षा ९ सम्म भर्ना खुल्यो !
हाम्रा विशेषता:
» सुविधासम्पन्न विज्ञान र कम्प्युटर ल्याब तथा पुस्तकालय र इन्टरनेटको सुविधा ।
» यातायातको लागि बसको सुविधा।
» शान्त शैक्षिक वातावरण तथा विभिन्न खेलका लागि पर्याप्त खेलमैदान सहित अतिरिक्त क्रियाकलापको लागि दुईवटा इन्डोर र आउटडोर अडिटोरियम हल ।
» मन्टेश्वरी विधिद्वारा अध्यापन साथसाथै छात्रवृत्तिको व्यवस्था ।
» छात्र तथा छात्राको लागि छुट्टा छुट्टै व्यवस्थित छात्रावास ।
भर्ना प्रक्रिया:
» प्लेग्रुप, नर्सरी तथा केजी कक्षामा भर्ना चलीरहेको छ भने कक्षा १ देखि ९ सम्मका लागि भर्ना फारम वितरण भइरहेको छ ।
» प्रवेश परीक्षा (कक्षा १ देखि ९): बैशाख २३ गते, समय: ११ बजे
» नयाँ शैक्षिक सत्र जेष्ठ ५ गतेबाट आरम्भ हुनेछ ।

# वडा १३ का अध्यक्षका उम्मेदवार वराल घरदैलोमा

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

नेपाली काँग्रेस पोखरा १३ ले घरदैलो कार्यक्रम अन्तर्गत सोमवर आर्वा भन्भ्याङ्ग पुगेका छन् ।

घरदैलो कार्यक्रममा वडा १३ का अध्यक्ष किरण वरालले मतदाताहरूलाई आँफु नर्वाचित भएमा समय अनुसारको परिवर्तनको महशुस गाराउने भने । दिन प्रतिदिन स्वदेशवाट पलाएन हुन लागेको युवाहरुलाइ आफ्नै देशमा रोजगार सिर्जन गर्ने आफ्नो मुल मन्त्र रहको अध्यक्ष वरालले पोखरापत्रलाइ वताए । पोखरा १३ को हरेक टोल टोल, वस्ती वस्तीमा कुना कुनामा पुगी सवैको आर्शिवाद लिदै घरदैलो गरिएको अध्यक्ष वरालले वताए । आर्वामा रहेका हरेक स्थानमा आइतवार र सोमवार गरी आँडी लगायत धेरै ठाउँमा घरदैलो गरिएको छ । घरदैलो



कार्यक्रममा उम्मेदवार अध्यक्ष वराल लगायत सदस्यहरुले मतदाता समक्ष लोकतन्त्र रक्षाको लागि पनि कांग्रेस उम्मेदवारलाई बिजयी बनाउन अनुरोध गरेका थिए ।

नेपाली कांग्रेसले घरदैलो कार्यक्रमलाई तिव्रता दिए सगै पछिल्लो दिनहरूमा पोखरा १३ मा नेपाली कांग्रेसका उम्मेदवार प्रति मतदाताहरू निकै आर्कषित देखिएको नेपाली काँग्रेस वडा इकाइ १३ का सचिव सुदिप गुरुङले पोखरापत्रलाइ वताए । । वरालको साथमा क्रमश महिला सदस्यमा सुचित तमाङ्ग, दलित सदस्य रजनी परियार, खुला सदस्य द्धय सरीफ अलिमियाँ, र बल वहादुर बराल लगायत सायौ कार्यकर्ता सँगै शुभचिन्तकहरु घरदैलोमा हिडेका इकाइ १३ का सचिव गुरुङले भने ।

# ३५३...

दफा ११ को खण्ड (ख) मा गैरसरकारी संस्था तथा त्यस्तो संस्थासँग सम्बद्ध पदाधिकारी र कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नहुने समेतको व्यवस्था रहेकोमा उम्मेदवार स्थापित उम्मेदवार बन्न लायक छैनन् भन्ने प्रेस विज्ञप्तिमा समावेश भएकाले स्थापितको संवैधानिक र कानूनी हकको उल्लङ्घन हुन्छ, हुँदैन ? भनी स्पष्टीकरण सोधेको छ । आयोगको स्पष्टीकरणपत्रमा भनिएको छ, "सामाजिक सेवा गर्ने पवित्र उद्देश्यले गठन भएका गैरसरकारी संस्थाले उम्मेदवारी मनोनयन गर्ने राजनीतिक दलका आन्तरिक मामिलामा प्रश्न उठाउन मिल्छ, मिल्दैन ?, यसरी आचारसंहिता उल्लङ्घन हुने गरी प्रेस विज्ञप्ति जारी गरेको सम्बन्धमा तपाईं र तपाईं संलग्न हुनुभएको संस्थालाई किन कारबाही नगर्ने ?"

आयोगले यही वैशाख १५ गते काठमाडौँ महानगरपालिका र नागार्जुन नगरपालिकाका विभिन्न दल र स्वतन्त्रतर्फसमेतका प्रमुख पदका उम्मेदवारहरूसँगको कार्यक्रमसम्बन्धी विस्तृत विवरण माग गरी नेशनल कलेजलाई पनि पत्र पठाएको छ । आयोगले यही वैशाख १८ गते पत्र पठाई उक्त दिनको छलफल कार्यक्रममा विभिन्न व्यक्तिले बोलेको भनी सार्वजनिक भएका विषयवस्तुहरूका सम्बन्धमा आयोगको ध्यानाकर्षण भएकाले 'कार्यक्रममा के कसो भएको हो ?' भन्ने प्रश्नसहित विस्तृत खुलाई पठाइदिन हुने पत्र पठाएको छ ।

आयोगले स्थानीय तह सदस्य निर्वाचनका क्रममा पोष्टर, भित्ते लेखन, तुल, ब्यानरलाई प्रयोग नगर्न आग्रह गरेको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन आयोगले गत चैत २५ देखि निर्वाचन आचारसंहिता, २०७८ लागू गरिसकेको छ । आचारसंहिताअनुसार सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने र कुनै पनि उम्मेदवारले आफ्नो कार्यालयबाहेकका स्थानमा झण्डा, दल वा उम्मेदवारको चुनाव चिह्न, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स र ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन गर्न नहुने प्रावधान रहेको छ ।

दल वा उम्मेदवारको चुनाव चिह्न वा दलको झण्डाको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने, कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन नहुने व्यवस्था विपरीत कतिपय स्थानमा कानूनले वर्जित गरेका यस्ता कार्य भइरहेको आयोगको भनाइ छ ।

# टेसा पोखराको २४ औं वार्षिक साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख



ट्रेकिङ इक्युपमेन्ट्स सप एशोसिएसन(टेसा) पोखराको २४ औं वार्षिक साधारणसभा पोखरा महानगरपालिका वडा नं २५ हेमजा सुइखेतस्थित रिभर भ्याली रिसोर्टमा सोमबार सम्पन्न भएको छ ।

साधारणसभामा टेसा आवद्ध पर्यटन व्यवसायी, विभिन्न पर्यटन सम्बद्ध संघसंस्थाका अध्यक्ष एवम् पदाधिकारीको सहभागिता थियो ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले कोरोना प्रभावित पर्यटन क्षेत्रको पुर्नरुत्थानका लागि तीनवटै तहका सरकारको सहयोगी भूमिका अपरिहार्य भएको बताउनुभयो । कोरोना प्रभावित पर्यटन व्यवसायमा कर्जा सहयोग लगायतका विषयमा बैङ्किङ्ग क्षेत्रबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको उहाँले बताउनुभयो । पर्यटनको पूर्नजागरणका लागि पोखरा एडभान्चर मार्ट आवश्यक भएपनि त्यसलाई विभिन्न बाहनामा सार्न खोजिएको उहाँले बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख काशीराज भण्डारीले पर्यटनको विकासमा पर्यटनसम्बद्ध संघसंस्थासँग सहकार्य गर्दै बोर्ड अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका अध्यक्ष एवम् टेसा पोखराका अध्यक्ष नारायण सापकोटाले पोखराको पर्यटकीय गतिविधि बढाउनका लागि टेसाले आफ्ना तर्फबाट निरन्तर साथ र सहयोग गर्दै आएको बताउनुभयो । नो भ्याक्सिन नो टुरिजमको नारालाई प्रभावकारी रुपमा अघि सारेसँगै पर्यटन व्यवसायीले प्राथमिकताका साथ कोराना भ्याक्सिन लगाउन पाएको उहाँले स्मरण गर्नुभयो ।

टेसा पोखराका सचिव टीकाबहादुर लम्सालको सञ्चालन एवम् उपाध्यक्ष प्रमोद भण्डारीले स्वागत गर्नुभएको साधारणसभाको बन्दसत्रले सचिव र कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको छ ।

# आइजिपीद्वयलाई दर्ज्यानी चिह्न प्रदान

रासस
काठमाडौं, १८ बैशाख

नेपाल सरकारको निर्णयले पदोन्नति भएका नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकद्वय धीरजप्रताप सिंह र राजु अर्याललाई सोमबार दर्ज्यानी चिह्न प्रदान गरिएको छ ।

गृहमन्त्रालयमा आयोजित एक समारोहकाबीच गृहसचिव टेकनारायण पाण्डेले उहाँहरुलाई दर्ज्यानी चिह्नद्वारा सुशोभन गर्नुभएको हो । नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा क्षेत्री र सशस्त्र प्रहरीका महानिरीक्षक पुष्पराम केसीको ३० वर्षे सेवावधिका कारण अनिवार्य अवकाश भएपछि मन्त्रिपरिषद्को यही १८ गतेको निर्णयले उहाँहलाई महानिरीक्षकमा पदोन्नति गरेको हो ।

दर्ज्यानी चिन्ह सुशोभन समारोहमा गृहसचिव पाण्डेले दुवै सुरक्षा अङ्गका महानिरीक्षकद्वय सिंह र अर्यालबाट मुलुकको शान्ति अमनचयन, सुशासन कायम राख्न तथा शान्तिपूर्ण र भयरहित निर्वाचन तथा सङ्गठन सुदृढीकरणमा महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले राज्य र सरकारको अपेक्षा भनेको न्यायपूर्ण र शान्तिपूर्ण समाज निर्माणका लागि सङ्गठनलाई कसरी अग्रसर गराउने भन्ने रहेको र त्यस विषयमा कार्यकाल सफल होस् भनी शुभकामना गर्नुभयो । उहाँले दुवै सङ्गठनका प्रमुखको कार्यकालमा अपराधविहीन र न्यायिक समाज निर्माणमा आफ्नो सङ्गठनलाई दृढतापूर्वक डोहोर्‍याउने काम हुने अपेक्षा रहेको बताउनुभयो ।

नेपालमा ७९ हजार नेपाल प्रहरी र ३७ हजार हाराहारीमा सशस्त्र प्रहरी जनशक्ति रहेकाले बदलिँदो समाजको आवश्यकता र मागलाई धान्न नसकिरहेको उल्लेख गर्दै गृहसचिव पाण्डेले भन्नुभयो, "प्रहरी चौकीको र इलाका प्रहरीको स्तरोन्नतिको मागलाई हेर्दा नेपाल प्रहरी न्यूनतम एक लाख र सशस्त्र प्रहरीको जनशक्ति ५० हजार पुर्‍याउनुपर्ने आवश्यकता छ ।" उहाँले दुवै सङ्गठनको पुनःसंरचना र जनशक्तिको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको पनि बताउनुभयो । परम्परागत प्रहरी ढाँचाबाट आधुनिक प्रहरी ढाँचामा रुपान्तरण गर्नुपर्ने र आधुनिक प्रकृतिका अपराध विकास भइरहेकाले त्यसको नियन्त्रण र चुनौतीको सामना गर्न सक्षम प्रहरी सङ्गठन निर्माण, स्वस्थ्य सामाजिक संस्कार र सभ्याताको विकासका लागि प्रहरी सङ्गठनले आफ्नो भूमिकालाई स्थापित गर्नुपर्ने दायित्व रहेको उहाँले औँल्याउनुभयो । गृहसचिव पाण्डेले त्यसतर्फ दुवै महानिरीक्षकबाट ठोस उपलब्धिमूलक र देखिने काम हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले सङ्गठनमा क्षमतावान् प्रतिस्पर्धी जनशक्ति भित्र्याउनका लागि सक्षम जनशक्ति विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गृहसचिव पाण्डेले सङ्गठनभित्रका आन्तरिक विकृति विसङ्गतिको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

गृहसचिव पाण्डेले सुरक्षाका लागि विकास र विकासका लागि सुरक्षा आवश्यक हुने भएकाले यी दुई विषय अन्तरसम्बन्धित रहेको र एकीकृतरुपमा अघि बढाउनुपर्ने सन्दर्भमा सँगसँगै रहेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

गृहसचिव पाण्डेले प्रहरी सङ्गठनमा नेतृत्व गर्नसक्ने व्यक्तिलाई नै जिम्मेवारी दिनेगरी सरकारले व्यक्ति रोजेको जानकारी दिनुभयो । "परिपक्वताका हिसाबले सरकाले छनोट गरेको ज्येष्ठताको विषय हो, कार्य क्षमता र कार्यकुशलताको विषय नियमावलीमा बोलेको छ, सरकारलाई नवनियुक्त महानिरीक्षकमा कार्यकुशलता र क्षमता तुलनात्मकरुपमा राम्रो लाग्यो", गृहसचिव पाण्डेले भन्नुभयो, "उत्तरदायित्व बहन गर्नसक्ने क्षमता र नेतृत्व प्रदान गर्नसक्ने कुशलता, प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्नसक्ने सामर्थ्य उहाँहरुमा छ, यसलाई उहाँहरुले कुशलतापूर्वक निर्वाह गर्नुहुनेछ ।" समारोहमा नवनियुक्त प्रहरी महानिरीक्षक सिंहले व्यावसायिक मर्यादाको परिधिभित्र रहेर काम गर्ने विश्वास दिलाउनुभयो ।

# वडा १३ मा एमालेको चुनाव प्रचारप्रसार तिव्रता

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख



नेकपा एमाले पोखरा-१३ ले सोमवार वडाका हरेक टोल टोलमा पुगी मतदाता सँग भेटघाट गरेको छ ।

पाँच उम्मेदवारसँगै कार्यकर्ता र शुभेच्छुकको उल्लेखनिय उपस्थितिमा वडाका टोलमा पुगी मतदातासँग भेटघाट गरिएको हो । घरदैलो गरिरहँदा वडाका उम्मेदवारहरुलाई मतदाताले खादा र अविरसहित जितको मनग्य शुभकामना दिए । बिहान ८ बजेदेखि सुरु गरिएको भेटघाट कार्यक्रममा युवाहरुसँगै वृद्धवृद्धाहरुको समेत बाक्लो उपस्थिति रहेको थियो । पोखरा महानगरपालिका वडा नं १३ मा वडा अध्यक्षमा उठेका बसन्त वराल(राजु) आफ्ना चार सदस्य लिएर दिन दिनै हरेक मतदातासँग भोट माग्ने कार्यक्रमलाइ जारी राखेका छन् । वरालको साथमा महिला सदस्यमा कृष्णकुमारी गुरुङ, दलित महिला सदस्य कमला विक, खुल्ला सदस्य निलकण्ठ सिग्देल, र अमजत अलिमियाँ छन् । साथमा वडा अध्यक्ष दर्शन लामा पनि सदैव सँगै साथ दिएर घरदैलोमा हिंडेका छन् । उल्लेखनीय सहभागितामा घरदैलो कार्यक्रम एक हप्ता अघि देखी आजसम्म जारी रहेको युवा नेता रवि वरालले पोखरापत्रालइ वताए ।

# धार्मिक सहिष्णुता मुलुककै सबल पक्ष : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सामाजिक एकता, सद्भाव, धार्मिक सहिष्णुता कायम राखी राष्ट्रिय एकतालाई अझै मजबुत बनाउन धार्मिक एवं सांस्कृतिक चाडपर्वले महत्वपूर्ण योगदान दिएको बताएका छन् ।

मुस्लिम समुदायको पर्व ईद (इदुल फित्र) का उपलक्ष्यमा मंगलबार शुभकामना सन्देश जारी गर्दै उनले यो पर्वले विविध धर्म, संस्कृति मान्ने सबै नेपालीबीच भातृत्व, प्रेम र एकताको भावना बढाइ समुन्नत, शान्त र समृद्ध मुलुक बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भनी कामना गरेका छन् ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं भौगोलिक विविधतायुक्त विशेषता भएको हाम्रो मुलुक संविधानतः धर्म निरपेक्ष राज्य भए पनि धार्मिक सहिष्णुता अनुकरणीय रहेको मुख्यमन्त्रीले उल्लेख गरेका छन् । अरबी पात्रो हिजरी संवतअनुसार दसौं महिना (सौवाल) को पहिलो दिन मुसलमान समुदायले नमाज पाठ गरी ठूलाबडाबाट आशीर्वाद लिएर इद उल फित्र पर्व मनाउने चलन छ । १ महिना (रमजान) भर बिहान सूर्योदयअघि र बेलुकी सूर्यास्तपछि मात्र भोजन ग्रहण गर्ने यो पर्वको आफ्नै विशेषता छ । आफूभन्दा कमजोर आर्थिक अवस्था भएकालाई दान गर्नु यो पर्वको मुख्य विशेषता हो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ ।
– लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# प्रेस स्वतन्त्रता दिवस

पत्रकारहरु असुरक्षित हुदाँ प्रेस स्वतन्त्रता कुण्ठित हुने गर्छ । सामाजिक सञ्जालमा आएका सामाग्रीलाई संचार माध्यम ठान्ने गरिएको छ । निर्वाचनको बेला उमेदवार र ब्यक्तिलाई चरित्र हत्या गर्ने, अप्रमाणित भिडियो पोष्ट गर्ने काम भएको छानेपाली उखान 'धान खाने मुसो चोट पाउने भ्यागुतो' भने जस्तै सामाजिक संजालमा गरिएको दुरुपयोगको सजाय संचार माध्यमले पाउने गरेका छन। पत्रकारको ब्यावसायिक र पेसागत सुरक्षा नहुँदा संचार माध्यम स्वतन्त्र बन्न सकेको छैन । सत्ता र शक्तिको आडमा पत्रकारिताको मुल्य र मान्यता विपरीत संचार माध्यम चलिरहँदा नियामक निकाय निरीह देखिन्छन् ।

पत्रकारको हितमा ल्याईएको न्युनतम पारिश्रमिक कार्यान्वयन हुन नसक्दा पत्रकारको पेशागत सुरक्षा हुन सकेको छैन । विना अवरोध स्वतन्त्र पत्रकारिता गर्न पाउने वातावरण निर्माण नभए सम्म स्वतन्त्र पत्रकारिताका लागि लडिरहुनु पने भएको छ। सन् १९९३ मा संयुक्त राष्ट्र संघ साधारण सभाको घोषणा पछि युनेस्कोको आब्हानमा मे ३ मा प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ । संसारभरीका पत्रकारहरुले मे ३ लाई महत्वपूर्ण दिनको रुपमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन् । सत्ता र शक्तिको दुरुपयोग गरेर सञ्चार, न्याय र बिधिको शासन बिचको सम्बन्धको महत्व बुझाउन सकेमात्र प्रेस सुरक्षित बन्छ। प्रेस स्वतन्त्रताको अवस्था विश्वभर राम्रो छैन। द्धन्द ग्रस्त मुलुकमा सबैभन्दा असुरक्षित पत्रकार भएका छन् । रिपोर्टिङमा गएका पत्रकार सुरक्षित रुपमा फर्कन्छन् कि फर्कदैनन् भन्ने अबस्था बिद्यमान छ।

नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । तर व्यवहारमा कार्यान्वयन नभइन्जेल संविधानमा लेखेर मात्र पुग्दैन । स्वतन्त्र न्यायालयले छोड्न आदेश दिदा पनि धरपकड गर्नु नाङ्लो ठटाएर हात्ति तर्साउने जस्तै काम हो । संविधानले दिएको अधिकार कानुन वनाएर संकुचन बनाउन खोज्नु प्रेस प्रतिको अनुदार सोच हो । नेपाली पत्रकारहरुको भौतिक र व्यावसायिक सुरक्षाको लागि पत्रकार महासंघले लामो समय देखि आवाज उठाउँदै आएको छ । महासंघका अधिवेशन र साधारण सभाका मुख्य विषय पत्रकारको सुरक्षा र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हुदै आएका हो । स्थानीय र प्रदेश सरकारले प्रेस स्वतन्त्रता प्रति प्रतिबद्ध र मिडीयामैत्री हुने अपेक्षा अनुसार ब्यबहारमा देखिन सकेको छैन् । सरकारले तोकेको पारिश्रमिक दिन आनकानी गर्ने सञ्चार प्रतिष्ठान पनि स्वतन्त्र पत्रकारिताका पक्षपाति हुन सक्दैनन् । प्रेस स्वतन्त्रता दिवस मनाउनुको अर्थ श्रमजीवी पत्रकारको ऐनको कार्यान्वयन हो। पत्रकारलाई सबल बनाउन सुरक्षाको प्रत्याभुति र तालिम पनि उतिकै खाचो छ।

पत्रकार दुर्घटना बिमा र स्वास्थ्य बिमा प्राथमिक सर्त बन्नु पर्दछ। स्वतन्त्र प्रेसको लागि जिम्मेवार र मर्यादित बन्नु आवस्यक छ। राज्यले संबिधानमा भएको प्रावधान अनुसार कानुन बन्नु पर्दछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कागजी खोष्टो मात्र नबनाउन सरकारले ब्यबहारबाट पुष्टि गर्ने बेला आएको छ। जनताले सहि सूचना पाउने र राज्य जनतालाई सहि सुचना दिन प्रतिबद्धता जनाउने बेला यही हो। निर्वाचनको समयमा सत्य तथ्य र विश्वसनीय समाचार दिनुपने छ। भ्रामक, गाली गलौजर चरित्र हत्या गर्ने काम हुनुहुँदैन । राजनीतिक दल र उमेदवारका गलत गतिविधि रोक्न सकेमा सबैलाई जिम्मेवार बनाउन सकिन्छ। प्रेस स्वतन्त्रता दिवसका अबसरमा आँफु जलेर अरुलाई उज्याले दिने पत्रकारहरुलाई हार्दिक शुभकामना।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : मन चञ्चल |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखरा ३१ मा गठबन्धनको घरदैलो तीव्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

स्थानीय निर्वाचनको मिति नजिकिदै गर्दा पोखरा महानगरपालिका ३१ नम्बर वडामा सत्तारुढ गठबन्धनले घरदैलो कार्यक्रमलाई तीव्रता दिएको छ।

पहिलोपल्ट वडाको नेतृत्व हात पार्न तम्तयार नेपाली कांग्रेसका उम्मेदवार ढकनाथ कँडेलको नेतृत्वमा गठबन्धनका उम्मेदवारहरु मतदातासमक्ष पुगेका हुन् । सोमवार वडाको सुन्दरीडाडाँ, चउर, तालवेसी , पौरखे, सिमलडाडाँ , पचभैयामा उनीहरुको घरदैलो कार्यक्रम सम्पन्न भयो । घरदैलोका क्रममा वडा अध्यक्ष उम्मेदवार कँडेलले ३१ नम्बर वडाको समुन्नत बिकासका लागि गठबन्धनका उम्मेदवारलाई मत दिन आग्रह गरे । विगतमा विजयी बनेका दल र उम्मेदवारबाट ३१ नम्बर वडाका नागरीकको अपेक्षा पुरा हुन नसकेको उल्लेख गर्दै उनले यसपटकको निर्वाचनबाट ऐतिहासीक नतिजा निकाल्न मतदाताहरुसँग अपिल गरे । उनले पर्यटकिय शहर पोखराको आकर्षक गन्तब्य भएर पनि यसअघिका नेतृत्वको अदुरदर्शिताका कारण ३१ नंम्बर वडा पछाडी परेको जनतालाई स्पष्ट पारे ।

प्रसिद्ध बेगनास र रुपातालको मध्यभागमा पर्ने पचभैयाका मतदाताहरुसँग भेटघाटका क्रममा उनले भने –"अनेकन सम्भावना भएर पनि वडा नं ३१ पर्यटनको क्षेत्रमा अपेक्षाकृत सफलता हासील गर्न पाएको छैन । यसको मूल कारण नै स्थानीय सरकारको प्रतिनिधीका रुपमा यसअघि गलत नेतृत्व पुग्नु । त्यसैले यसपटक गठबन्धनका उम्मेदवारलाई मत र मन दिनुस । "

मतदातासँगको घरदैलो कार्यक्रममा आफुहरु उत्साहित भएको र वडा नम्बर ३१ वासीले यसपटकको निर्वाचनमा ऐतिहासीक परीवर्तन चाहेको उल्लेख गरे । आगामी ३० गते हुने निर्वाचनमा वडा नम्बर ३१मा गठबन्धनका तर्फबाट अध्यक्षमा कँडेल सहित सदस्यमा नेकपा मोवादी केन्द्र र समाजवादीबिच तालमेल भएको छ । घरदैलो कार्यक्रममा कांग्रेसका वडा ईकाई समिति सभापति महेश पौडेलले नेकपा एमालेको अलोकतान्त्रीक गतिविधीलाई वडास्तरबाटै परास्त गर्न गठबन्धनका उम्मेदवारलाई विजयी गराउनुको विकल्प नखोज्न मतदातालाई आग्रह गरे ।

# एमालेको सरकारका कारण पोखराको ग्रामिण भेग पछाडि पर्यो : कोपिला रानाभाट

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

गठबन्धनबाट पोखरा महानगरपालिकाको उपमेयर पदकी उम्मेदवार नेपाली काँग्रेसकी नेतृ कोपिला रानाभाटले एमालेको सरकारका कारण पोखराको ग्रामिण क्षेत्र पछाडी परेको बताएकी छन् ।

उनले विकासको लहर ल्याउन गठबन्धनलाई जिताउन समेत आग्रह गरेकी छिन् । हिजोको सरकारले वडामा केन्द्रित गरेर ल्याएका कुनै पनि कार्यक्रम प्रभावकारी नभएको बताउँदै गठबन्धनले नै जनताको आकांक्षा पुरा गर्ने रानाभाटले बताइन् । उनले आफुलाई कुनै लोभ र लालच नभएको र अब महानगरबासीको सपना पूरा गर्ने प्रतिबद्धताका साथ आफु चुनावी मैदानमा होमिएको उनले बताइन् । जनताको आधारभूत आवश्यकतालाई परिपूर्ति गर्न गठबन्धनको विकल्प नभएको तर्क उनको थियो ।

सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्देश्य स्वरुप आफु प्रतिस्पर्धामा रहेको बताइन् । विकासका सबै काम शहरकेन्द्रित हुँदा महानगरले नै छोएको ग्रामीण भेग पछाडी परेको रानाभाटले उल्लेख गरिन् । शिक्षा, स्वास्थ्य, खेलकुदको क्षेत्रमा उल्लेखनिय प्रगति गर्न गठबन्धनलाई मतदान गरी जिताउन उनको आग्रह छ ।

# पोखरा १० का मतदाताहरु एमालेका उमेदवारप्रति आकर्षित

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

पोखरा १० का महिला मतदाताहरुले नेकपा एमालेका उमेदवारहरुलाई जिताउने वताएका छन । नेकपा एमालेले वडामा ८० प्रतिशत महिला उमेदवार उठाएको भन्दै एमालेका उमेदवारहरुलाई निर्वाचनमा जिताउने वताएका हुन ।

अघिल्लो पटक आफुहरुले मत दिएर जिताएका हरुले वडा भित्र बिकासका कामलाई महत्व नदिएको भन्दै मतदाताहरुले यो पटक एमालेलाई मत दिएर वडामा बिकासको लहर छाउने आशा समेत ब्यक्त गरेका छन। पोखरा १० अन्तर्गत पृथ्वी राजमार्ग देखी उत्तर तर्फका महिला मतदाताहरुले बिकासप्रेमी नेकपा एमालेका उमेदवारहरु विभिन्न संघ संस्थामा बसेर काम गरेको महिला नेतृ समेत भएकाले यो पटकको निर्वाचनमा महिला उमेदवारहरुलाई प्रथामिकतामा राखेको एमाले पार्टीलाई जिताउने वचन वद्धता दिएको चुनावी प्रचार प्रसार संयोजक राजु श्रेष्ठले जानकारी दिए । श्रेष्ठका अनुसार नेकपा एमाले पोखरा १० ले अध्यक्ष नै महिला उमेदवार र अन्य तीन सदस्य समेत विभिन्न संघ संस्थामा बसेर उत्कृष्ठ काम गरेको र सदस्य पदका पुरुष युवा उमेदवार समेत विभिन्न संघ संस्थामा आवद्ध भएर काम गरेकै कारण मतदाताहरुले नेकपा एमालेका उमेदवारहरुलाई मन पराएको वताए । घरदैलो कार्यक्रम अन्तर्गत हाल सम्म ३५ प्रतिशत घरहरुमा घरदैलो सम्पन्न गरिसकेको समेत प्रचार प्रसार संयोजक श्रेष्ठले जानकारी दिए । सोमबार मात्रै पृथ्वी राजमार्ग उत्तर तर्फ शान्ति पथ लेन २, सम्पूर्ण भित्री गल्ली हुदै रक्षामार्ग, भानुमार्ग, राम मार्ग, सुगम मार्ग, गीता मन्दिर, रामघाट भुमिहिन बस्ती, गोपाल लामा गुम्बा एरिया हुदै पिपलडाली चोकमा आएर समापन भएको नेकपा एमाले पोखरा १० निर्वाचन परिचालन मुल कमिटिका संयोजक सूर्य बहादुर बानियाले जानकारी दिए।

यसैविच मिलन टोल बिकास समिति र सरस्वती आमा समुहका पदाधिकारीहरु संग उमेदवार परिचयात्मक कार्यक्रम सम्पन्नन भएको छ।

# काांग्रेस र जसपाबीच चुनावी गठबन्धन

**पोखरापत्र संवाददाता**
**गोरखा, १९ बैशाख**

गोरखाको पालुङटार नगरपालिकामा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी (जसपा) बीच चुनावी गठबन्धन भएको छ।

पालुङटारका नेपाली कांग्रेसबाट प्रमुख पदका उम्मेदवार दीपकबाबु कँडेलले आइतबार एक विज्ञप्ति जारी गर्दै आफ्नो उम्मेदवार फिर्ता लिइ जसपालाई सघाउने घोषणा गरेपछि दुई पार्टीबीच गठबन्धन पक्का भएको हो । विज्ञप्तिमा कांग्रेसले दोस्रो पटक पुनः उम्मेदवार चयन गरे पनि पछिल्लोपटक केन्द्रीय समितिले उम्मेदवारी फिर्ता लिन दिएको निर्देशन आफूले स्वीकार गरेको उल्लेख छ । "स्थानीय तहको निर्वाचनमा चुनावी तालमेल गने पार्टी केन्द्रीय कार्यसमितिको निर्णयप्रति म पूर्ण इमान्दार रहेको छु", विज्ञप्तिमा भनिएको छ, "दोस्रो पटक पनि उम्मेदवार चयन गरेकोमा पार्टीको गण्डकी प्रदेश समिति र केन्द्रीय कार्यसमितिप्रति धन्यवाद प्रकट पनि गर्दछु ।" उहाँले सरकारमा सहभागी पाँच दलका बीचमा भएको सहमति र निर्णयअनुसार गठबन्धनमा रहेका दलहरू बीच स्थानीय तहमा चुनावी तालमेल र सिट बाँडफाँटको निर्णय भएअनुसार उम्मेदवारी फिर्ता गरेको विज्ञप्तिमा उल्लेख गर्नुभएको छ। विज्ञप्तिमा नेता कँडेलले पार्टी केन्द्रले गरेको निर्णयलाई स्वीकार गरी कार्यकर्तालाई पार्टीको निर्णय कार्यान्वयन गर्न पनि अपिल गर्नुभएको छ । पालुङटारमा मेयर जसपालाई र उपमेयर कांग्रेसले लिने दुई पार्टीबीच सहमति भएको थियो ।

# मनाङवासीलाई यार्सागुम्बा सङ्कलनको चटारो

**रासस**
**पोखरा, १९ बैशाख**

मनाङका बासिन्दालाई अहिले यार्सागुम्बा सङ्कलन गर्न चटारो छ। जेठ दोस्रो सातादेखि सङ्कलन गर्ने समय भएपनि मनाङवासी तीन साता अघि नै यार्सागुम्बा खोज्न व्यस्त छन् ।

जडीबुटी सङ्कलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको गत चैत २३ गते बसेको बैठकले यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिएको हो । एक्यापले समितिमार्फत पूर्जी दिने निर्णय गरेको छ । यार्सागुम्बा सङ्कलनसँगै मनाङवासीलाई स्थानीय तह निर्वाचनको तयारीमा जुट्नुपर्ने अवस्था छ । जडीबुटी मनाङवासीको मुख्य आयस्रोत मानिन्छ । उनीहरुलाई आयस्रोत जुटाउने र निर्वाचनमार्फत प्रतिनिधि चयन गर्नुपर्ने दोहोरो चटारो छ । यार्सागुम्बा सङ्कलन गर्न मनाङवासी मात्रै नभएर बाहिरी जिल्लाबाट पनि आउने गरेका छन् । जडीबुटी सङ्कलनको समय भएकाले यहाँको सुरक्षाका लागि चुनौती थपिएको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बताउनुभयो । "यार्सागुम्बा सङ्कलन क्षेत्रमा सुरक्षाकर्मी पुग्नुपने हुन्छ । निर्वाचन क्षेत्रमा सुरक्षा व्यवस्था मजबुद बनाउन जुटेका छौँ," उहाँले भन्नुभयो । नाम्केखर्क, नारफु, माथिल्लो मनाङको खाङ्सार खर्कदलगायत क्षेत्रमा यार्सागुम्बा सङ्कलन गरिँदै आएको एक्याप इलाका कार्यालयका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । असार अन्तिम हप्तासम्म यार्सागुम्बा सङ्कलन गरिन्छ । मनाङवासीलाई नागरिकता वा बसाइँसराइको प्रमाणपत्रका आधारामा यार्सागुम्बा सङ्कलनको पूर्जी दिइन्छ । यार्सागुम्बा सङ्कलनको परिचयपत्र सम्बन्धित संरक्षण क्षेत्र, व्यवस्थापन समितिको सिफारिस तथा दस्तुर तिरेको रसिद र सम्बन्धित गाउँपालिकाको दस्तुर तिरेको रसिद लिएर आएमा मात्र छोडपूर्जी दिइने गौतमले बताउनुभयो । मनाङ बाहिरका यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलक र खरिद गर्न आउने व्यक्तिले अनिवार्य रुपमा कोभिड-१९ विरुद्धको खोप लगाएको परिचयपत्र लिएर आउनुपर्ने छ ।

दुई वर्ष यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलन र खरिद बिक्री हुन नसक्दा जिल्लाको राजस्व घटेको थियो । यसवर्ष जडीबुटी सङ्कलन भइरहेकाले राजस्व वृद्धि हुने अपेक्षा गरिएको छ।

# जन्मथलोमा चुनावी घरदैलो गर्दै धनराज

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

पोखराका मेयर पदका उम्मेदवार धनराज आचार्य र उपमेयर पदका उम्मेदवार कोपिला रानाभाटले सोमबार पोखरा-३३ घरदैलो गर्ने भएका छन् ।

सत्तारुढ दलहरुको साझा गठबन्धनका उम्मेदवार आचार्य र रानाभाटले मेयर पदका उम्मेदवार धनराज आचार्यको जन्मथलोमा घरदैलो गर्न लागेका हुन् । पोखरा ३३ धनराज र उनको सहपाठी रबीन्द्र अधिकारीको जन्मथलो हो । जहाँ उनीहरुले बाल्यकाल बिताएका थिए। पोखरा ३३ निर्णायक मतदाता भएको ठाउँपनि हो । यसअघि रबीन्द्रलाई जिताउँदै आएको पोखरा ३३ ले यसपटक रबीन्द्रका सहपाठीसमेत रहेका स्थानिय धनराजलाई जिताउने विश्वास गरिएको छ।

किनकी त्यहाँ धनराजले विकास निर्माणका विभिन्न योजना निर्माणदेखि कार्यान्वयनमापनि नेतृत्वदायी भूमिका खेल्दै आएका छन् ।जन्मथलोमा घरदैलो गर्नुअघि धनराज आचार्य प्राइम टिभीले आयोजना गर्ने चुनावी बहसमा सहभागि हुनेछन् ।

# पोखरा ६ मा एमालेको घरदैलो

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ बैशाख**

पोखरा महानगरपालिका वडा नम्बर ६ मा नेकपा एमालेको चुनावी माहोल तातेको छ । बिहान ६ बजेदेखि पार्टी कार्यकर्ता र उम्मेद्वार घरदैलोमा व्यस्त बनेका छन् ।

सोमबार अम्बोटबाट सुरु भएको घरदैलो कार्यक्रम गैरीखेत, ठाडापसल, जरेबरमा भएको थियो । सोमबार अखिल नेपाल महिला संघ वडा कमिटीले चुनावसम्बन्धी कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा बोल्दै एमालेबाट वडाध्यक्ष उम्मेद्वार विष्णुबहादुर भट्टराईले यसपटकको निर्वाचन एमालेले जित्ने दावी गरेका छन् । यसअघि पोखरा ६ मा कांग्रेसले वडाध्यक्ष जितेको थियो । कार्यक्रममा महिला वडा सदस्य उम्मेद्वार जमुना पराजुली पहारी, दलीत महिला सदस्य उम्मेद्वार राममाया विश्वकर्मा, पार्टीका वडा कमिटी अध्यक्ष बलराम पहारी, वडा उपसचिव गुरुप्रसाद त्रिपाठीलगायतले बोलेका थिए । कार्यक्रम सञ्चालन एमालेकी वडा सचिव उमा भण्डारीले गरेकी थिइन् । वडाध्यक्षमा भट्टराईसहित खुल्ला वडा सदस्यमा दीपेन्द्र पहारी र वासुदेव बराल, महिला सदस्यमा जमुना पराजुली पहारी र राममाया विश्वकर्मा उम्मेदवार छन् । चुनाव जिताउन नेकपा एमाले वडा नम्बर ६ का अध्यक्ष बलराम पहारीको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरिएको छ । वडा नम्बर ६ मा यसपटक ४९ सय मतदाता छन् । २०७४ सालको भन्दा यो ९ सयले बढी हो ।

## पोखरा महानगरपालिका वडा नं. १४ कार्यालयको सूचना

कास्की जिल्ला पो.म.न.पा. वडा नं. १४, बस्ने कृष्ण कुमारी श्रेष्ठको मिति २०७९/०१/१९ मा यस वडा कार्यालयमा पर्न आएको निवेदन अनुसार निजको नाममा कास्की जिल्ला पो.म.न.पा. वडा नं. १४, कि.नं. ८८७१ को भएको जग्गामा बनेको घरमा तनहुँ रानीपोखरी ०७ घर भएको हर्क बहादुरको श्रीमती पिङ्की गुरुङ बिगत २०७७/१०/१५ देखि घरमा बस्दै आएको र हाल घरको कोठा बन्द गरी सम्पर्क बिहिन भएको साथै निजले घर भाडा स्वरुप दिनु पर्ने रकम समेत नदिएको हुँदा घर खाली गराउन र पटक पटक सूचना गर्दा वेवास्ता गरेको हुँदा सो को लागि अन्य सरकारी कार्यालयमा समेत निवेदन परेको हुँदा यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र घर खाली गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नियमानुसार घर खाली गरिने व्यहोरा जानकारी गराईन्छ ।

# एमाले मादीको घोषणापत्रः केबलकार चलाउन अध्ययन, गाउँका वनमा जंगल सफारी

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

नेकपा (एमाले) मादी गाउँपालिका, कास्कीले चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ । पर्यटकीय पूर्वाधार निर्माणलाई जोड दिएर एमाले पालिका कमिटीले चुनाव जिते मा पाँच वर्षभित्र गर्ने कार्यको जना सोमबार सार्वजनिक गरेको हो । मादीमा एमालेबाट प्रमुखमा शिवबहादुर गुरुङ (महेन्द्र) र उपप्रमुखमा कल्पना गुरुङ उम्मेद्वार छन् ।

सम्भाव्यता अध्ययन भइसकेको भुलकुच्चा-कोरीको केबलकार निर्माण कार्य निजी क्षेत्रसँग मिलेर अघि बढाउने एमालेको घोषणापत्रमा उल्लेख छ । कपुचे-कोरी केबलकार, कोरी-माद्रे हिमाल-पिसाङ केबलकार र वार्चोक लम्तरी केबलकार बनाउन सम्भाव्यता अध्ययन गरिने घोषणा एमालेले गरेको छ। ताङतिङ पोलकोडाँडा-सिक्लेस पार्चेडाँडासम्म रोपवे सम्भाव्यता अध्ययन गरिने पत्रमा उल्लेख छ । मादीलाई आवश्यक पूर्वाधारका लागि प्रदेश र संघ सरकारसँग सहकार्य गर्ने एमालेबाट अध्यक्ष उम्मेद्वार रहेका महेन्द्रले बताउँछन् । संघ, प्रदेश र पालिकामा नेकपा एमालेका विकास योजना र जनमैत्री काम देखेर अरु पार्टीका नेता-कार्यकर्ता पनि एमाले आउन चाहिरहेको उनको भनाइ छ । 'मादीमा तीन दिनसम्म घरदैलो गर्दा कांग्रेस, माओवादीका साथी हाम्रोमा आउनुभयो,' उनले भने, 'ती पार्टीमा अब नेतामात्रै रहन्छन् । अरु पार्टीमा भएका कति साथीले नेकपा एमाले खोजेका छन् । घर-घरले नेकपा एमाले खोजेको छ ।' मध्यपहाडी लोकमार्गको भैंसे, बेत्यनी, ज्याउँदु, मेलबोट, पानीघाट हुँदै पोखरा २० मौजा जोड्ने सडक, सिक्लेस-पोखरा सडकखण्डको बाँकी खण्डसहित पालिकाका मुख्य सडक कालोपत्रे गर्ने घोषणापत्रमा उल्लेख छ। १८ ठाउँमा मोटरेबल पुल र कल्भट निर्माण र चार वटा झोलुंगे पुल बनाउन प्रतिबद्धता एमालेको छ। एक घर, एक धारा अभियानलाई निरन्तरता दिने, हरेक सडक बाटो र वस्तीको ढल उचित निकास गर्ने घोषणापत्रमा उल्लेख छ । विद्युत नपुगेका टोल र वस्तीमा विद्युत सेवा पुऱ्याइ 'उज्यालो पालिका' बनाउने घोषणा गरिएको छ । मादी ३ याङ्जाकोटमा रहेको गाउँपालिका कार्यालय सार्ने निर्णयविरुद्ध स्थानीय अदालत पुगेका थिए । यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । एमालेले गाउँपालिका केन्द्र निर्धारण गरेर प्रशासनीक भवन बनाउने प्रतिबद्धता जनाएको छ। बहुउद्देशीय भवन, गाउँपालिकाको आफ्नै अतिथि भवन निर्माण र प्रहरी भवन निर्माण गरिने एमालेले बताएको छ। 'पालिकास्तरमा एक प्रहरी भवन निर्माण गर्नुका साथै भगवतीटार, छाचोक र सिक्लेसमा प्रहरी भवन निर्माण गरिने छ,' घोषणपत्रमा भनिएको छ, 'भूकम्पबाट क्षति भई निर्माण सम्पन्न हुन बाँकी संरचनाको पुनःनिर्माण गरिने छ ।'

# पोखरा ६ बैदाममा गठबन्धनको घरदैलो

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

गणेश पहारी, पोखरा, १९ बैशाख । चुनाबी सरगर्मी बढेसँगै पोखरा महानगर पालिका वडा नं ६मा पनि गठबन्धनका उम्मेदवारहरु चुनाबी अभियानको क्रममा टोल टोलमा पुगि घरदैलो अभियानलाई निरन्तरता दिन थालेका छन् । "जेठको पहिलो हप्तामा गठबन्धनको सरकार सत्तामा" भन्ने नारा सहित वडामा गठबन्धनका उम्मेदवारहरुले घरदैलो सहित मतदाताहरुको घरमा पुगि आशिर्बाद सहित मत मागेका थिए । आम मतदाताहरुले उम्मेदबारहरुलाई अहिलेको 'बर्तमान अवस्थामा पाँच दलिय गठबन्धन नै आजको आवश्यकता रहेको बताउदै जितको' शुभकामना दिएका थिए । वडामा नेपाली कांग्रेसको तर्फबाट निर्वतमान वडा अध्यक्ष तथा अध्यक्षका प्रत्याशि जगतबहादुर पहारी, खुलासदस्य नेकपा माओबादीका तर्फबाट कृष्ण प्रसाद आर्चाय तेसैगरी खुल्ला सदस्यमा नेपाल कम्युनिष्ट पाटि एकिकृतका समाजबादीका तर्फबाट विकास पहारी र महिला सदस्यमा नेपाली कांग्रेसका तर्फबाट पवित्रा थापा र दलित महिला सदस्यका नेपाली कांग्रेसको तर्फबाट शोभा जलारी चुनावी मैदान रहेका छन। वडामा गठबन्धनका तर्फबाट अध्यक्षका प्रत्याशि जगतबहादुर पहारीले पाँच दलियको निति तथा कार्यक्रमहरु अरुको भन्दा उत्कृष्ट रहेकाले आफुहरुको जित सुनिश्चित रहेको बताए । वडामा रहेका अधुरा र अपुरा कामहरुलाई गठबन्धनका उम्मेदबारहरुले पुरा गर्ने उनले प्रतिबद्धता ब्यक्त गरे । कार्यक्रममा मतदाताहरुले आफ्नो टोलमा खानेपानि र ढल निकासको ब्यवस्था गर्ने र जिर्ण बनेका सडकहरुलाई मर्मतको काम अघि बढाउन उम्मेदबारहरुलाई आग्रह गरेका थिए । घरदैलो अभियानको आज पहिलो दिन बसन्त बैठक, जरेबर र बुलौदी हुदै नहर मार्गमा रहेका मतदाताहरु सँग आफ्ना प्रतिबद्धता सहित मत मागेको सचिव प्रकाश न्यौपानेले बताएका छन।

# मुस्ताङमा च्याङ्ग्राको भुवा सङ्कलन र प्रशोधनमा नयाँ प्रविधि

पोखरापत्र संवाददाता
म्याग्दी, १९ बैशाख

मुस्ताङमा पश्मिना बनाउने कच्चापदार्थ भुवा (च्याङ्ग्राको ऊन) सङ्कलन र प्रशोधन गर्ने नयाँ सीप र प्रविधि भित्र्याइएको छ । नेपाल पश्मिना उद्योग सङ्घद्वारा विश्व व्यापार सङ्गठन र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको समन्वयमा काजिकिस्तानको प्रविधि र सीप भित्र्याइएको हो ।

च्याङ्ग्रापालन र भुवा सङ्कलनलाई आधुनिक र व्यवस्थित बनाइ गुणस्तर सुधार गर्न विदेशी सीपसहितको तालिम सञ्चालन गरिएको सङ्घले जनाएको छ । सङ्घका उपाध्यक्ष धनप्रसाद लामिछानेले च्याङ्ग्राको शरीरबाट भुवा निकाल्ने काइयो भित्र्याएर त्यसको प्रयोगका विषयमा मुस्ताङका किसानलाई तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

"नेपालमा अहिलेसम्म परम्परागत तरिकाले ऊन निकाल्ने चलन थियो," उहाँले भन्नुभयो "काजिकिस्तानबाट प्रशिक्षक बोलाएर ऊन निकाल्ने सीप र प्रविधि भित्र्याएका हौं ।" च्याङ्ग्राको स्वास्थ्यमा असर नपर्ने गरेर ऊन निकाल्न मिल्ने काइयो नेपालमै पहिलो पटक मुस्ताङमा भित्र्याइएको उहाँले बताउनुभयो ।

सो काइयोको प्रयोगबाट ऊन निकाल्ने सीप सिकाउन लोमान्थाङमा ३५ जनालाई काजिकिस्तानका सविरले प्रशिक्षक प्रशिक्षण दिनुभएको छ । तालिम लिएका किसानसहितको टोलीले लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, वारागुङ मुक्तिक्षेत्र र थासाङ गाउँपालिकाको सात स्थानमा २५ देखि ३० किसानलाई तालिम सञ्चालन गरेका छन् । सो तालिममा मनाङका दुई किसानसमेतको सहभागिता थियो । तालिमका सहभागी किसानलाई नयाँ प्रविधिमार्फत ऊन निकाल्ने काइयो वितरण गर्ने तयारी छ । सङ्घले मङ्गोलिया र चीनबाट ल्याउने पश्मिनाको कच्चापदार्थको आयात घटाएर आत्मनिर्भर बन्नका लागि मुस्ताङ, डोल्पा र मनाङको ऊन प्रशोधन गरेर पश्मिना बनाउने धागो उत्पादन गर्न काठमाडौँमा नेपाल फाइबर प्रोसेसिङ उद्योगसमेत सञ्चालनमा ल्याएको छ। मुस्ताङको चराङमा सङ्कलन केन्द्र खोलेर डोल्पाको समेत रु एक करोड २५ लाख मूल्य बराबरको दुई हजार ८०० किलो ऊन खरिद गरिएको छ। सीप र प्रविधि भित्रिएपछि मुस्ताङमा वार्षिक दश हजार किलो ऊन सङ्कलन गर्न सकिने लोमान्थाङका किसान एवं नेपाल फाइबर प्रोसेसिङ उद्योगका सञ्चालक छिरिङ वाङ्दी गुरुङले बताउनुभयो । उद्योगले मुस्ताङको लोमान्थाङमा जग्गा भाडामा लिएर ऊन सङ्कलन केन्द्र निर्माण थालेको छ । केन्द्र तथा स्थानीयद्वारा भुवा उत्पादनबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डे, सहसचिव गोविन्दबहादुर कार्की, विश्व व्यापार सङ्गठनका नेपाल प्रमुख माथियाज नाप्के, निर्देशक डा विदुर घिमिरे, नेपाल व्यापार प्रवर्द्धन केन्द्रका निमित्त निर्देशक सुयस खनाल, नेपाल पश्मिना उद्योग सङ्घका अध्यक्ष विजयकुमार दुगडको टोलीले आइतबार अनुगमन गरेको थियो । नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तु पश्मिना बनाउन च्याङ्ग्राको ऊन प्रशोधन गरेर बनाएको धागो कच्चापदार्थको रुपमा प्रयोग हुन्छ । सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पश्मिना निर्यात हुन्छ भने वार्षिक १९५ टन पश्मिना बनाउन आवश्यकपर्ने भुवाको धागो आयात हुन्छ । विदेशबाट कच्चापदार्थ आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका किसानबाट च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको पश्मिना व्यवसायी भीमप्रसाद शेरचनले बताउनुभयो ।

मुस्ताङको मात्र भुवा प्रशोधन गर्न सकेमा ३० प्रतिशत भुवाको धागो आयात घट्ने उहाँले बताउनुभयो । बजारको सुनिश्चितता नभएकाले मुस्ताङका किसानले यसअघि ऊन निकाल्ने गरेका थिएनन् । यसअघि च्याङ्ग्राको शरीरबाटै ऊन झरेर खेर जाने गरेको थियो । ३० प्रतिशतको हाराहारीमा ऊन निकाले पनि बजार नपाउने समस्या थियो। तिब्बती सीमा कोरला नाकामा अन्तरदेशीय व्यापार मेला हुँदा चिनियाँ व्यापारीले सामानसँग ऊन साटेर लैजाने गर्छन् ।

कोरोनाका कारण पछिल्लो दुई वर्षयता व्यापार मेला नहुँदा करोडौँ मूल्यको ऊन बिक्री हुनसकेको थिएन । प्रतिकिलो अप्रशोधित ऊनको सदरदर मूल्य रु चार हजार ५०० मा खरिद गर्ने सङ्घले जनाएको छ । वैशाख-जेठ महिना च्याङ्ग्राको शरीरबाट ऊन निकाल्ने याम हो । मासुका लागि प्रसिद्ध हिमाली च्याङ्ग्राको छाला र मल पनि बिक्री हुन्छ ।

च्याङ्ग्राको ऊन पश्मिनाका लागि (क) श्रेणीको कच्चापदार्थ हो । भेडा र चौरीको तुलनामा च्याङ्ग्राको ऊनलाई गुणस्तरीय मानिएको छ । मुस्ताङको मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायतका ठाउँका किसानले ५२ हजार च्याङ्ग्रा पालेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ।

# अन्नपूर्णमा गाउँ केन्द्रित चुनावी प्रचारप्रसार अभियानलाई तिव्रता

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

नेपाली कांग्रेस अन्नपूर्णले गाउँ केन्द्रित चुनावी प्रचारप्रसार अभियानलाई तिव्रता दिएको छ । आसन्न स्थानीयतहको निर्वाचनका लागि नेपाली काँग्रेसका उम्मेदवार जनतासँग घरदैलो भेटघाटमा व्यस्त देखिएका छन् ।

अन्नपूर्ण गाउँपालिकामा वडा नं ७ माफ गाउँमा, टेल्का, भिचुक लगाएतका ठाउँमा नेपाली काँग्रेसका तर्फबाट पालिका प्रमुख, उप प्रमुख वडाअध्यक्ष सदस्य पदका प्रत्याशी उम्मेदवार सहितका नेता तथा कार्यकर्ताहरु मतदातासँग मत माग्न घर घरमा पुगेका हुन् । मतदाताका गुनासा र मतदातासँग अन्तरकृया गर्दै उम्मेदवारहरु मत मागि रहेका छन् ।

काँग्रेसबाट अन्नपूर्ण गाउँपालिकाप्रमुख र उप प्रमुखका उम्मेदवार रहेका युवराज कुँवर र खिमकुमारी गुरुङले जनताका समस्या समाधान गर्ने र शैक्षिक सुधार, सडक, खानेपानी, विद्युत लगायतका कार्य गर्ने गरी पार्टीका उम्मेदवारलाई मत माग्न थालेको नेपाली काँग्रेस अन्नपूर्ण गाउँपालिकाका सभापति एवं चुनाव प्रचार प्रसार समितिका संयोजक मनपति भण्डारीले बताए । २०७४ को स्थानीय तहमा वडा नं ७ मा एमालेले वडाध्यक्षमा जित हासिल गरेको थियो । उम्मेदवारहरुले प्रत्येक मतदाताको घर घरमा र खेतबारीमा समेत मत माग्न थालेका छन् । घरमा नभेटिएका मतदाताई खेतबारीमा नै गएर मत मागने गरेको नेपाली काँग्रेसका पूर्वमहाधिवेशन प्रतिनिधि एवं नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रसारप्रचार समितिका सदस्य सचिव समेत रहेकास्थानीय नेता राजबहादुर गुरुङको भनाई छ । पाँच वर्ष सम्म एमालेको नेतृत्व रहेको यस वडामा जनता लक्षित काम गर्न नसकेको आरोप सहित जनतालाई नेपाली काँग्रेसलाई मत दिन आव्हान गरिएको नेपाली काँग्रेसका महासमिति सदस्य एवं नेपाली कांग्रेस कास्कीका पूर्व उपसभापति आईबहादुर गुरुङले बताए । नेपाली कांग्रेस कास्की क्षेत्र नं ३ का सभापति मनोज गुरूङले अन्नपूर्णको समुन्नत विकासको लागि नेपाली कांग्रेसका उम्मेदवारलाई जिताउन सबैलाई आग्रह गरेका छन् । महाधिवेशन प्रतिनिधि एवं नेपाली कांग्रेसका नेता पोषनाथ शर्माले कुन पार्टीलाई भोट हाल्दा मुलुकमा शान्ति हुनसक्छ, विकास हुनसक्छ, जनताको आर्थिक उन्नती, समृद्धि हुनसक्छ भन्ने कुरा २१ औं सताब्दिका जनताले बुझिसकेको हुँदा गफ मात्र गर्नेहरुलाई जनताले पाखा लगाउने बताए ।

कार्यक्रममा लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र शेरचनले जनताको वास्तविक समस्या बुझ्ने पाटी नेपाली काँग्रेस भएको बताउदै काँग्रेस जे बोल्छ, त्यही गर्छ र जे गर्न सकिन्छ त्यहि मात्र बोल्ने पाटी भएका हुँदा नेपाली काँग्रेसका उम्मेदवारलाई अमूल्य मतदान गरी विजय गराउन अनुरोध गरे । वडाध्यक्षका उम्मेदवार कमल गुरुङले वडामा हाम्रो नेतृत्व नहुँदा वडामा स्थानीयले खोजे जस्तो काम हुन सकेन, अवसर पाए काम गरेर देखाउँने प्रतिबद्धता व्यक्त गरे ।

वडा सभापति चित्रबहादुर गुरूङ लेकालीको अगुवाई सम्पन्न कार्यक्रममा वडा सदस्य होमबहादुर थापा, गौप्रसाद गुरुङ, ढाटी गुरुङ र लक्ष्मी थापा विक लगाएतले मतदाता समक्ष अमूल्य मत दिई विजयी गराउन आग्रह गरेका थिए ।

# चिसापानीदेखि सडक स्तरोन्ती गर्न स्थानियको माग

पोखरापत्र संवाददाता
पोखरा, १९ बैशाख

पोखरा २२ का साझा उमेदवार अध्यक्षका प्रत्यासी हिमलाल बरालको नेतृत्वको टोलीले सोमबार देखि चुनाव प्रचार प्रसार अभियान अर्न्तगत घरदैलो कार्यक्रम शुभारम्भ गरेको छ ।

साविक पुम्दी भुम्दी ७ र ८ क्षेत्र चिसापानी, तारेभिर, पलैंचे, चुत्राल, पुम्दी, काभ्रे, देउराली श्वाँरा लगायतको क्षेत्रमा सोमबार घर दैलो कार्यक्रम गरिएको टोलीमा सहभागि कागेंस नेता प्रकाश बरालले बताए । उक्त टोली समक्ष स्थानियले चिसापानी देखि सडक स्तरोन्नती गर्न माग गरेका छन् । खानेपानी थप व्यवस्थापन गर्दै सडक स्तरोन्ती गर्न स्थानियले गठबन्धन सहितको अध्यक्षका प्रत्यासी साझा उमेदवार बराल सहितको टोली समक्ष उक्त माग राखेको टोलीमा सहभागी माओबादी केन्द्रका नेता नवराज बरालले बताए । अध्यक्षका प्रत्यासी बरालले आफ्नो नेतृत्वको टोलीलाई अमुल्य मतबाट विजयी गराएको खण्डमा स्थानियको आवश्यकताको आधारमा पूर्वाधार विकासमा बिषेश जोड दिने वचन दिए । पुम्दी भुम्दीका सडकहरु स्तरोन्नती गर्न पनि उत्तिकै आवश्यक भएको उनको भनाई थियो । स्वतन्त्र उमेदवारको रुपमा हाल गठबन्धनको साझा उमेदवार भएका हिमलाल बराललले आफुलाई भूई कटर चिन्हःमा मतदान गर्न जनता समक्ष आव्हान समेत गरे ।

समुन्नत पोखराको आधार सबल अर्थतन्त्र र पुर्वाधार भन्ने नाराका साथ ५ दलीय गठबन्धनले पोखराको मेयरमा नेकपा एकिकृत समाजबादीका धनराज आचार्यलाई मेयरमा, कार्ग्रेकी नेतृ कोपिला रानाभाटलाई उपमेयरमा उमेदवारको रुपमा उठाएको हो ।

पोखरा २२ को अन्य सदस्यहरुमा काग्रेसकी लक्ष्मी बराल महिला सदस्य, माओबादी केन्द्रकी कल्पना रसाइली दलित महिला सदस्यमा, खुल्ला सदस्यमा चेतभक्त बराल र हुम बहादुर गुरुङ रहेका छन्। समाजवादीको चुनाव चिन्हः कलम, काग्रेसको रुख, माओबादीको हसिया हतौडा रहेको छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०१८/०३/१९ गते

स्वर्गारोहण : २०७९/०१/०८

स्व. कृष्ण बहादुर घर्ती

यस पोखरा महानगरपालिका वडा नं १३ विपि मार्ग 'ख' टोल विकास संस्थाका उपाध्यक्ष श्रीमती पुर्णकला घर्ती (सीता भुजेल) का प्रातः स्मरणीय पति तथा छोरा अमिर भुजेल र छोरी अनुषा भुजेलका पुजनीय पिता **कृष्ण बहादुर घर्ती** को ६१ वर्षको उमेरमा भएको असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अध्यक्ष**
**तथा**
**विपी मार्ग "ख" टोल विकास संस्था परिवार**
**पोखरा-१३**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१